(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# स्थानीय राजपत्र

## भाग-१

खण्डः-७ सङ्ख्याः-०२ मितिः-२०८०।०३।१०

## उदयपुरगढी गाउँपालिकाको विनियोजन ऐन, २०८०

उदयपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
उदयपुरगढी, उदयपुर
कोशी प्रदेश, नेपाल

# उदयपुरगढी गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चीत कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**सभाबाट स्वीकृत मितिः २०८०/३/१०**

**प्रस्तावनाः** उदयपुरगढी गाउँपालिकाको आर्थिक बर्ष २०८०।८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम उदयपुरगढी गाउँपालिकाको गाउँ सभामा यो ऐन पेश भएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम " **उदयपुरगढी गाउँपालिकाको विनियोजन ऐन, २०८०**" रहेको छ ।

(२) यो ऐन सभाबाट पास भई प्रमाणित भए पछि ऐनको रुपमा तुरुन्त लागू हुनेछ ।

**२.आर्थिक वर्ष २०८०।८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष २०८०।८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ८०,२७,४४,५००/-(**अक्षेरुपी असी करोड सत्ताईस लाख चौवालीस हजार पाँच सय रुपैया मात्र**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम अनुसूची १ बमोजिमको आय व्यय विवरण अनुसार सञ्चित कोषबाट खर्च गरिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।८१ को निमित्त उदयपुरगढी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत

साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

**राजपत्रमा प्रकाशन भएको मितिः- संवत् २०८० साल आषाढ महिना १० गते १ रोज शुभम् ।**

**आज्ञाले**

रमेश राई

प्रमुख प्रशासकीय अधिकृत